# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।०४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बाजुरा, हिमाली गाउँपालिका, वडा नं. ६ स्थित प्रसुति केन्द्र भवन निर्माण कार्य लागत अनुमान अनुसार नगरी बढी भुक्तानी गरी रकम हिनामिना गरेको र निर्मित संरचनासमेत भग्नाबशेषको अवस्थामा रहेकोले सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सुदूरपश्चिम प्रदेश, सामाजिक बिकास मन्त्रालय, स्वास्थ्य कार्यालय, बाजुराबाट आ.ब. २०७५/०७६ मा जिल्ला बाजुरा, हिमाली गाउँपालिका, वडा नं. ६ मा प्रसुति केन्द्र भवन निर्माणको लागि स्वास्थ्य कार्यालय, बाजुराबाट रु.२०,००,०००।- (बीस लाख रुपैयाँ) र उपभोक्ता समितिबाट रु.६,१५,२०६।- (छ लाख पन्ध्र हजार दुई सय छ रुपैयाँ) व्यहोर्ने गरी कन्टेन्जेन्सी सहित रु.२६,१५,२०६।- (छब्बीस लाख पन्ध्र हजार दुई सय छ रुपैयाँ) रकममा बि.स २०७६ जेष्ठ मसान्तभित्र कार्य सम्पन्न गर्ने गरी स्वास्थ्य कार्यालय, बाजुरा र प्रसुति केन्द्र भवन निर्माण उपभोक्ता समितिबीच सम्झौता भएको देखिएको, उक्त प्रसुति केन्द्र भवन निर्माण केन्द्रको लागत अनुमान बमोजिम Aluminium को झ्याल ढोकाको Frame र Shutter सहित हुनपर्ने उल्लेख रहेकोमा Local काठको चौकोस मात्र जडान गरी बदनियतपूर्वक लागत अनुमानमा उल्लेखित दररेटमा नै झुट्टा बिल भरपाईका आधारमा पुरै भुक्तानी लिए दिएको देखिएको, साथै Stone Masonry Work in Cement Sand Mortar (१:६) को लागत अनुमान रहेकोमा Sill Level र Lintel Level को बीचसम्म सुख्खा ढुङ्गाको गारो मात्र लगाएको अवस्थामा समेत बदनियत राखी लागत अनुमान बमोजिमको Roof Level सम्म कै काम गरेको भनी लागत अनुमानमा उल्लिखित दररेटको नै झुट्टा बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी गराई पूरै भुक्तानी लिए दिएको, यसैगरी प्रतिवादीहरुले बदनियत राखी कार्य सम्पन्न प्रतिवेदनमा छानासम्म कै निर्माण कार्य सम्पन्न गरेको उल्लेख गरी गराई Truss, CGI Sheet Roofing, False Ceiling लगायतको कुनै काम नै नभएको आइटमहरुकोसमेत भुक्तानी लिए दिएको, यसरी लागत अनुमानमा उल्लिखित मापदण्ड बमोजिम निर्माण कार्य नगरी नगराई प्रयोग प्रचलनमा ल्याउन नसक्ने प्रकृतिको तयार गरे गराएको अवस्थामासमेत उक्त प्रसुति केन्द्र भवन निर्माण कार्य लागत अनुमान बमोजिम नै गरे गराएको भनी झुट्टा बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई रु.१५,०८,५५७।- (पन्ध्र लाख आठ हजार पाँच सय सन्ताउन्न) भुक्तानी लिए दिएको देखिंदा सोही कारणबाट उक्त संरचना प्रयोगविहीन भई हाल भग्नावशेषमा परिणत भई रु.१५,०८,५५७।- बराबरको सार्वजनिक सम्पतिको हिनामिना हानिनोक्सानी र दुरुपयोग गरेको तथ्य स्थापित भएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा देहायका प्रतिवादी उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | स्वास्थ्य कार्यालय, बाजुराका तत्कालीन निमित्त कार्यालय प्रमुख **अशोक कुमार सिंह** र | जनही रु.१५,०८,५५७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा रु. पन्ध्र लाख आठ हजार पाँच सय सन्ताउन्न रुपैया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को |

| | | | |
|---|---|---|---|
| | शिक्षा विकास तथा समन्वय इकाई, बाजुराका तत्कालीन ईन्जिनियर **सुनेश कुमार चौरसिया,** तत्कालीन सव-ईन्जिनियर **नरेश रावत** | | देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन, साथै, निर्माण स्थलमा नभए नगरेको कार्य भए गरेको भनी भवन निर्माण कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न प्रतिबेदन तयार गरी गराई, स्वीकृत गरी भुक्तानीसमेत दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | प्रसुति केन्द्र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष **पारस रोकाया,** सचिव **मुना रोकाया** र कोषाध्यक्ष **खडक ऐडी** | रु.१५,०८,५५७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. पन्ध्र लाख आठ हजार पाँच सय सन्ताउन्न रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असूल हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल